






# बाइबलका गहिरा सत्यताहरु
# पाठ–४
# युगहरुको दिब्य योजना – पहिलो बिश्व

***पुनश्च:कृपया यहाँ समावेश गरिएका सबै पदहरुको निम्ती आफ्नो बाइबललाई आधार बनाइ अध्ययन गर्नुहोला।यस पाठमा उल्लेखित प्राय बाइबलका पदहरु Authorized King James Version बाट उद्दृत गरिएका छन।***

यदि कसैले यो संसारलाई र यसमा घट्ने घटनाहरुलाई हेर्ने हो भने जिबनको उदेश्य र रहस्य के हो भनि अचम्मित हुँदछ।के यसमा कुनै योजना छ?संसार कुन दिशामा अगाडी बढ्दैछ?

यदि कसैले यो संसारलाई र यसमा घट्ने घटनाहरुलाई हेर्ने हो भने जिबनको उदेश्य र रहस्य के हो भनि अचम्मित हुँदछ।हामीलाई थाहा छ कि,देशहरुको योजनाहरु हुन्छन,भारतको ५ बर्षे योजना छ। ब्यबसायहरुको योजना हुन्छ,परिवारहरुको योजना हुन्छ र ब्यक्ति बिशेषहरुको पनि योजना हुन्छ र तिनिहरुको जिबन त्यही योजना अनुसार नै अगाडी बढेको हुन्छ।




आज,हाम्रो मस्तिष्कमा एउटा प्रश्न छ–के पर्मेश्वरको पनि योजना छ?के यो जिबन पनि योजनामा अगाडी बढ्छ? पक्कै पनि।पर्मेश्वरको बारेमा हामिले १ कोरिन्थी १४:३३ मा पढ्न पाउछौ।

*"किनभने परमेश्वर गोलमालको परमेश्वर हुनुहुन्न,तर शान्तिका परमेवश्वर हुनुहुन्छ;पवित्रजनहरुका सबै मण्डलीहरुमा यस्तै हुन्छ।"*

हो, पर्मेश्वर क्रमानुसार राख्ने परमप्रभु हुनुहुन्छ।उहाँसँग योजना छ।त्यो योजनालाई पर्मेश्वरले आफ्नो प्रकाश भन्नुहुन्छ।यसलाई हामी हबकुक २:२ मा उल्लेख भएको पाउछौ।

*"अनि परमप्रभुले जवाफ दिएर भन्नुभयो;यो दर्शन लेख्! पाटिहरुमाथि यसलाई सफासँग लेख् यसैले कि जसले यो पढछ, त्यो दगुरोस ।"*


हो, पर्मेश्वरले यहाँ अगमबक्ताद्वारा त्यो प्रकाश पाटीहरुमा प्रष्टगरी लेख्न भन्नुभएको छ।अनि यो अगमबाणी २००० भन्दा बढी बर्षहरु पछि मात्रै ठहरिएको आफ्नो समयमा पुरा भयो र आज हाम्रो अगाडी निम्न चित्र उपलब्ध छ जसले त्यो प्रकाशको बिषयमा बोल्दछ।




THE CHART OF THE DIVINE PLAN OF THE AGES

यो पर्मेश्वरको प्रकाश बाइबलमा उत्पत्ती देखी प्रकाशको पुस्तक सम्म अलिकती यता अलिकता त्यता रही गुप्त छ।तर,उचित समयमा पर्मेश्वरले त्यसलाई पाटीहरुमा वा चित्रमा प्रष्ट बनाउन निर्णय गर्नुभयो।तर,तपाईंले भन्न सक्नुहोला कि,'मैले यो बुझ्नै सक्दिन,किनकी मैले यो चित्र कहिल्यै पहिला देखेको छैन।यदी,कोही घरको नक्सा बनाउने इन्जिनियरको कार्यालयमा जानु पर्नेछ र उसले बनाएको घरको नक्सा र योजना बुझ्नुछ भने,हामिले पहिला त्यही नक्सा बनाउने मान्छे कहाँ नै गई

उसैले बयान गरेको सुन्नुपर्ने हुन्छ।त्यसरि नै,उहाँको महान योजनाहरु बुझ्नको लागी उहाँले नै,(जो त्यसको महान दिब्य कारिगर हुनुहुन्छ) हामीलाई बर्णन गर्नुपर्दछ।



निम्न चित्रको अध्ययन क्रमश र सिलसिलाबद्द हुन्छ अनि यसको पुरै बुझाई प्राप्त गर्न करिब १ बर्ष लाग्दछ।जसै, हामी पर्मेश्वरको योजनालाई गहन अध्ययन गर्दै जान्छौ तब यस चित्रको बिबिध बिशेषताहरु हामी बिस्तारै बुझ्दै जान्छौ।आज हामी यो चित्रमा उल्लेख भएको A,B, र C लाई मात्र हेर्देछौ।तिनिहरुलाई यसरी देखाइएको छ।



**१) पहिलो बिश्व**

**२) दोश्रो बिश्व**

**३) तेश्रो बिश्व**


यी तीन वटा बिश्वहरुको बारेमा, आऔ हामी २ पत्रुस ३:५-७,१३ लाई पढ्औ।

*"किनकी तिनिहरु यस कुराको बिषयमा अनजान रहन चाहन्छन्:परमेश्वोरका बचनद्वारा उहिलेका आकाशहरु भए, र पृथ्वी भयो, जुन पृथ्वीचाँही पानी बाट बनेको र पानीद्वारा रहिरहेको थियो;६ त्यस पानीद्वारा त्यस बेलाको संसार पानी नै पानी भएर नष्ट भयो; ७ तर त्यही बचनद्वारा अहिलेका आकाशहरु र पृथ्वीचाँही जोगिएर न्याएको दिन र भक्तिहिन मानिस हरुको निम्ती साँचेर रखिएका हुन्।"*

*"१३ तरै पनि हामी उहाँको प्रतिज्ञा अनुसार नयाँ आकाशहरु र नयाँ पृथ्वीको बाटो हेर्दछौं, जहाँ धार्मिकताले बास गर्दछ।"*

अब,यि बिश्वहरु के हुन त? यहाँ प्रेरित पावलले जलप्रलय भन्दा अगाडीको बिश्व,वर्तमान दुष्ट युग र उहाँको प्रतिज्ञा अनुसार अब आउने नयाँ बिश्व जहाँ धार्मिकताले बास गर्दछ,यि तीन बिश्वहरुको बारेमा लेखेका छन।प्रत्येक बिश्वमा नयाँ स्वर्ग र पृथ्वी हुन्छ भनिन्छ।यो सबैले के अर्थ राख्दछ त ?आउनुहोस्,२ कोरिन्थी १२:१-४ लाई पढौ।

*" गर्ब गर्नु मेरा लागि निश्चय नै फाईदा दिने कुरा होइन,तरै पनि म प्रभुका दर्शन र प्रकाशहरुको बिषयमा कुरा गर्नेछु: २ ख्रीष्टमा म एकजाना मानिसलाई चिन्छु;चौध बर्ष अघी(शरिरमा हो कि,म जान्दिन;बिनाशरिर हो कि,म जान्दिन; परमेश्वर जान्नुहुन्छ),यस्तो मानिसलाई तेस्रो स्वर्गमा उठाइयो। ३ अनी म यस्तो एकजाना मानिसलाई चिन्छु,(शरिरमा हो कि वा बिना शरिर हो, म जान्दिन,पर्मेश्वर जान्नुहुन्छ), ४ जो स्वर्गमा उठाइयो,र जसले बयान गर्न नसकिने कुराहरु सुन्यो, जुन कुराहरु उच्चारण गर्नु मानिसको निम्ती उचित होइन।"*



यहाँ,प्रेरित पावलले एकजना मानिसलाई दर्शनमा तेश्रो स्वर्गसम्मै उचाली लागिएको र त्यहाँ भन्न मनाही गरेका कुराहरु सुनेको बताएका छन। यो तेश्रो स्वर्ग के हो त? अनि,पहिलो र दोश्रो स्वर्गहरु कहाँ छन त? यसलाई बुझ्न हामीले पहिला बाइबलको अङ्ग्रेजी शब्द स्वर्गको ३ वटा अर्थहरु हुन्छन जुन निम्न छन।

१) स्वर्ग-पर्मेश्वरको घर पबित्र बासस्थान जहाँ उहाँ बास गर्नुहुन्छ। (उपदेशक ५:२)





२) स्वर्ग-आकाश र ब्रह्माण्ड जहाँ सुर्य,चन्द्रमा र ताराहरु छन। (भजनसङ्ग्रह१९: १)





३) स्वर्ग-यो तेश्रो अर्थ धेरै कमलाई मात्र थाहा छ र यो बाइबलमा अत्याधिक प्रयोग गरिएको छ र यसमा बुझ्नु पर्ने महत्वपूर्ण कुरा छ जुन हामी अब आर्जन गर्नेछौ। मत्ती २४: ३५ लाई पढौ।

*"आकाश र पृथ्वी बिति जानेछन, तर मेरा बचनहरु कहिल्यै नाश हुने छैनन्।"*



हो,यहाँ स्वर्ग र पृथ्वी बित्ने कुरा बताइएको छ।कुन स्वर्ग र कुन पृथ्वी बितेर जानेछ त?अनि, किन? के पर्मेश्वरको घर वा आकाश बितेर जाने हो त? पक्कै पनि होईन।त्यसो हो भने , कुन स्वर्ग र पृथ्वी बितेर जाने हो त?आओ,यस प्रश्नहरुको उत्तर हामी उपदेशक १:४ मा पढौ।

*"एउटा पुस्ता बितेर जान्छ,र अर्को पुस्ता आउँछ;तर  पृथ्वी सदासर्बदा रहिरहन्छ।"*

हो, यहाँ प्रष्टै छ कि पृथ्वी सदाकाल रहिरहन्छ।यो कहिल्यै बितेर जादैन।अनि, फेरी यही कुरा हामी अर्को बचनमा भजनसङ्ग्रह १०४:५ मा पनि पढ्न पाउछौ।

*"पृथ्वी सदा-सर्बदा नडगमगाओस भनेर तपाईंले त्यसका जगहरु बसाल्नुभयो।"*



हो,पृथ्वीको जगहरु सदा सर्बदै रहन बसालिएको छ।हो,पृथ्वी आफ्नो ठाउमा हल्लिदैन र कहिल्यै नष्ट हुँदैन।अनि हामी फेरी यशैया ४५ : १८ मा पढ्न पाउछौ।

*"किनकी परमप्रभु, जसले आकाश सृष्टि गर्नुभयो, अ ,परमेश्वर आँफै, जसले पृथ्वी  रच्नुभयो र त्यसलाई बनाउनुभयो; उहाँले नै त्यसलाई स्थापित गर्नुभएको छ; उहाँ ले त्यसलाई ब्यर्थमा सृष्टी गर्नुभएन,तर त्यो बसोबास गरियोस भनेर रच्नुभयो; उहाँ यसो भन्नुहुन्छ:परमप्रभु म नै हुँ।"*

पर्मेश्वरले सृष्टि सदा काल रहि रहन मात्र होईन न ता खाली रहन तर सदाकाल आबाद रहन बनाउनुभयो।यस तथ्यलाई हामी कति प्रष्टै वचनहरुमा पाउछौ।

त्यसो हो भने,कुन पृथ्वी र स्वर्ग चाही बितेर जान्छ त?

जसै हामी २ तिमोथि २:१५ मा पढ्न पाउछौ कि हामीले बचनको सत्यतालाई ठिकसँग प्रयोग गर्नुपर्छ वा त्यसमा प्रयोग भएको भाषाको रूपलाई ठिक प्रकारले चिन्नु पर्दछ।मत्ती २४:३५ मा प्रयोग भएको भाषा साधारण नभई सांकेंतिक भाषा हो।सांकेंतिक भाषामा स्वर्गको अर्थ के हो त?यसको उत्तर हामी एफिसी २:२ मा पढ्न पाउछौ।



*"जुन पापहरुमा तिमीहरु बितेको समयमा, यस संसारको रितिअनुसार, आकाशको अधिकारको शासक अर्थात त्यस आत्माअनुसार हिंड्थियौ, जसले अहिले आज्ञा नमान्ने सन्तानहरुमा काम गर्छ।"*



हो,आकाशको शक्तिको दुतले चाँही यस पृथ्वीमा बर्तमान समयमा शैतान र उसको अद्दश्य आत्मिक शासनलाई दर्शाउदछ।तसर्थ,स्वर्गको सांकेंतिक अर्थले पृथ्वीमा घट्ने अद्दश्य आत्मिक शासनलाई दर्शाउदछ।यो अंग्रेजी शब्द स्वर्गको महत्वपुर्ण तेश्रो अर्थ हो। त्यसो हो भने,अब सांकेंतिक पृथ्वीको अर्थ के हो त?यसको उत्तर हामी यशैया २४:१-३,१९,२० मा पढ्न पाउछौ।

*"हेर!परमप्रभुले पृथ्वीलाई रित्तो पार्नुहुनेछ, उजाड पार्नुहुनेछ र यसलाई उलटपुलट पार्नुहुनेछ, २ अनि यस्तो हुनेछ: जस्तो मानिसहरुको दशा,त्यस्तै पूजाहारिको दशा,जस्तो दासको दशा,त्यस्तै त्यसको मालिकको दशा,जस्तो दासी को दशा,त्यस्तै त्यसकी मालिक्नी को दशा,जस्तो ऋण दिनेको दशा,त्यस्तै ऋण लिनेको दशा,जस्तो ब्याज लिनेको दशा, त्यस्तै त्यसलाई ब्याज दिनेको दशा हुनेछ। ३ देश बिल्कुलै रित्तो हुनेछ, र पुरै लुटिनेछ ;किनकी परमप्रभु ले यो बचन बोल्नु भएको हो।*

*"पृथ्वी बिल्कुलै टुक्रैटुक्रा भएको छ, पृथ्वी पुरै टुटफुट गरिएको छ, पृथ्वी अत्तिनै डगमगाएको छ। २० पृथ्वी मातेको मान्छेझै धरमरिनेछ, र कटेरो झै हटाइने छ; अनि त्यसको अपराध त्यस माथि गह्रौं भएर रहनेछ; अनी त्यो लड्नेछ,र फेरी कहिलै पनी उठने छैन।"*

हो, यहाँ पृथ्वीले ग्रहलाई नभई आत्मिक शासनको मुनी मानबिय प्रणालीहरुको सँगठनलाई चाँही दर्शाउँदछ ।तसर्थ, साकेंतिक पृथ्वीले दृश्य सासांरिक मानबिय शासनलाई दर्शाउँदछ।यस अन्तर्गत थप ४ वटा भागहरु वा तत्वहरु पर्दछन।

- सरकार वा राजनितिक
- सामाजिक
- धार्मिक
- आर्थिक




यी ४ प्रणालीहरुले नै साकेंतिक पृथ्वी निर्माण हुँदछ अर्थात बनिएको हुन्छ।तत्काल,आदमको पापद्वारा पतन भएदेखी यो स्वर्ग र पृथ्वी दुष्ट दुतहरुको नियन्त्रणमा छ र पतित दुष्ट मानबजाती नै यि दुष्ट दुतहरुको हतियारहरु भएका छन।तर,यो स्वर्ग र पृथ्वी जो शैतानको शासनको अधिनमा छ त्यो बितेर जानेछ र त्यसलाई नयाँ स्वर्ग र नयाँ पृथ्वीले प्रतिस्थापन गर्नेछ जसै हामी प्रकाश २१:१ मा प्रष्टै पढ्न पाउछौ।

*"अनी मैले एउटा नयाँ आकाश र एउटा नयाँ पृथ्वी देखें;किनकी पहिलो आकाश र पहिलो पृथ्वी बितेर गए; अनि उसो समुन्द्र रहेन।"*



यो नयाँ स्वर्ग र पृथ्वी के हो त ? यस बारे हामिले यशैया ६५:१७ मा पढ्न पाउछौ।

*"किनकी हेर, म नयाँ आकाश र नयाँ पृथ्वी सृष्टी गर्नेछु; अनि पहिलेका कुराहरुको सम्झना गरिने छैन,न त ति मनमा नै आउनेछैन।"*

हो,यो पृथ्वीमा नयाँ अदृश्य आत्मिक शासन र नयाँ दृश्य मानबिय शासन हो।बर्तमान दुष्ट संसारलाई धार्मिकताले बास गरेको संसारले पछ्याउनेछ।त्यो नयाँ स्वर्ग र अदृश्य आत्मिक शासन कस्तो हुनेछ त?यस्को उत्तर हामी दानियल ७:१३-१४ मा पढ्न पाउछौ।

*"मैले रातका दर्शनहरुमा हेरिरहेको थिए; अनि हेर, आकाशअको बादलहरुको साथमा मानिसका पुत्रजस्तै एकजाना आउन्दैहुनुहुन्थियो; अनि उहाँ ति अती प्राचिनकहा आउनुभयो, अनि तिनिहरुले उहाँ लाई उहाँ को सामु नजिक ल्याए। १४ अनि सबै मानिसहरु, जातिहरु, र भाषाहरुले उहाँको सेवा गरुन् भनेर उहाँ लाई प्रभुत्व,महिमा, र एउटा राज्य दिइयो; उहाँको प्रभुत्वचाही अनन्त प्रभुत्व हो, जो कहिल्यै टल्नेछैन;अनि उहाँ को राज्यचाही कहिल्यै नष्ट हुनेछैन।*

"हो,यहाँ हामी देख्छौ कि एकजना मानिसको पुत्रजस्तै देखा पर्नुभयो जसलाई पृथ्वीमा रहने मानबजाती माथी अनन्त सम्म प्रभुत्व र राज्याधिकार दिइयो।



हो, त्यो पृथ्वीचाही मानिसको पुत्र येशूको अधिनमा उहाको शासनमा हुनेछ।अनि यही नै येशूले युहुन्ना १८:३६ मा पन्टियस पिलातसलाई भन्नुभयो।

*येशूले जवाफ दिनुभयो,मेरो राज्य यस संसारको होइन। मेरो राज्य यस संसारको हुँदो हो ता म यहुदिहरुकाहा नसुम्पिउ भनी मेरा सेवकहरुले लडाईं गर्नेथिए;तर अब मेरो राज्य यहाँबाटको होइन। (दोश्रोबिश्व)*

हो,धेरैले यहाँ भनिएको रहस्यलाई बुझ्न असमर्थ भएका छन र येशूले स्वर्गको राज्यको बिषयमा भन्नुभएको हो भनि सोच्दछन।तर होईन।येशूले यहाँ तेश्रो बिश्वमा पृथ्वीमाथी हुने आत्मिक शासन अर्थात नयाँ (तेश्रो) स्वर्गको बिषयमा दर्शाउनु भएको हो।अनि,४ तत्वहरुले बनिएको नयाँ पृथ्वी पनि हुनेछ।नयाँ सरकार वा राजनितिक प्रणालि: यसको बारेमा बृस्तितरूपमा हामी मत्ती ८:११ मा पढ्न पाउछौ।

*" अनि म तिमीहरुलाई भन्दछु, धेरैजना पूर्व र पश्चिमबाट आउनेछन अनि अब्राहम,इसाहक,र याकुबसँग स्वर्गको राज्यमा बस्नेछन। "*

किनकि सबै मानिसहरु तिनिहरुसँग आउने छन त?किनकि,तिनिहरु मानिसहरुका शासकहरु हुनेछन जसै हामी भजनसङ्ग्रह ४५:१६ मा पढ्न पाउछौ।

*"तपाईंका पितापुर्खाहरुको सट्टामा तपाईंका छोराहरु हुनेछन, जसलाई तपाईंले सारा पृथ्वीमा शासकहरु बनाउनुहुनेछ।"*

तिनिहरुलाई प्राचिनहरु भनेर भनिन्छ।प्रेरित पावलले यि बिश्वासयोग्यहरुको बिषयमा हिब्रु ११ अध्यायमा बृस्तित बर्णन सहित बोलेका छन।यिनिहरु मानब शरिर आउनुभएको येशूका पिताहरु वा हजुरबुवाहरु थिए।तिनिहरु सबै मरिसके।बाँचुन्जेलसम्म पनि तिनिहरु मृतक स्वरूप नै थिए।तर,जब समय आउनेछ अनि ख्रीष्टमा सबैजना जिबित तुल्याइनेछन (१ कोरिन्थी १५:२७) तब तिनिहरु सबै येशूको बाहुबलमा मृत्युबाट जिबित उठाइने छन (युहुन्ना ११:२५)।अनि येशू दोश्रो आदम हुनुहुनेछ र तिनिहरु येशूका सन्तानहरु हुनेछन।अनि तिनिहरुले प्राप्त गर्ने इनाम भनेको तिनिहरु पृथ्वीभरी राजकुमारहरु हुनेछन र सबै राष्ट्रहरुमा प्रभुको राज्यमा देखिने मानबिय शासकहरु

हुनेछन।पर्मेश्वरको योजना कती अनौठो छ।अनि उहाको महिमित राज्यका पृथ्वीका शासकहरु पनि कती सुहाउदोहरु।

->नयाँ धार्मिक प्रणाली: अनि पृथ्वीमा एउटै विश्वव्यापी धर्म हुनेछ र सबैले सत्य पर्मेश्वरको ज्ञान जान्नेछन जसै हामी जकरिया १४:९ मा पढ्न पाउछौ।

*"अनि परमप्रभु सम्पूर्ण पृथ्वीमाथी राजा हुनुहुनेछ;त्यसदिन एउटै परमप्रभु हुनुहुनेछ, र उहाको एउटै नाम हुनेछ।"*

हो,पर्मेश्वरको ज्ञान र आराधना बारे कत्ति पनि द्विबिधा हुनेछैन।

-> नयाँ सामाजिक प्रणाली : सबै मानिस जातीले समान हक,अधिकार र गौरब प्राप्त गर्नेछन र गरीब (उपत्यका) र धनी (पर्बत/डाँडा) बिचको गहिरो भिन्नता हट्नेछ-जसै हामी यशैया १०:४ मा पढ्न पाउछौ।

*''म बिना उनीहरु कैदीहरु मनी झुक्नेछन र मारिएकाहरु मनी गिर्नेछन।यती भएर पनि उहाको रस मर्नेछैन,तर उहाको हात अझैपनी उठिराखेकै छ।"*

->नयाँ आर्थिक प्रणाली: तेश्रो बिश्वको नयाँ आर्थिक प्रणालीमा कोही कसै पनि गाँस,बास र कपासको आधारभुत आबश्यक्ताबाट वन्चित हुनुपर्दैन जसै हामी यशैया ६५:२१ मा पढ्न पाउछौ।

*"अनि उनीहरुले घरहरु बनाउनेछन् र तिनमा बास गर्नेछन;अनी उनिहरुले दाखबारिहरु लगाउनेछन र तिनका फल खानेछन।''*

हो,अनि मानिसहरु भाडामा बस्नु पर्ने अवस्था रहदैन तर आफ्नै घरमा बसोबास गर्नेछन।र ,सबै परिश्रमको फलहरु पनि मिठो हुनेछ।त्यतिबेला आजको जस्तो अवस्था हुँदैन जस्तै सबै ऋणी कृषकहरुले ऋणदाता वा बैंकहरुको लागी आफ्नो शक्ति र प्रतिफल खर्च गर्न बाध्य हुन्छन।अनि हो,अनि तेश्रो बिश्वको कुनै अन्त हुने छैन जसै हामी एफिसी ३:२१ मा पढ्न पाउछौ।


*" उहाँलाई नै मण्डलीमा ख्रीष्ट येशूद्वारा पुस्ता-पुस्तासम्म महिमा भईरहोस्!आमिन।"*

->तसर्थ,संसारको अन्त्यले सिमित समय र प्रणालीहरुको अन्त्यलाई चित्रण गर्दछ।->अन्त्यमा, २ कोरिन्थी १२:२ मा उल्लेख भएको तेश्रो स्वर्गले के दर्शाउदछ त?यसले स्वर्ग वा तेश्रो बिश्वमा हुने अदृश्य आत्मिक शासनलाई दर्शाउदछ।पहिलो बिश्वको पहिलो स्वर्ग र दोश्रो बिश्वको दोश्रो स्वर्ग थियो। प्रेरित पावलले तेश्रो स्वर्ग जुन पर्मेश्वरको राज्य हो,त्यसलाई दर्शनमा देखे,साच्चै कस्तो महिमित समय।
->अब हामी पहिलो बिश्वको बारे बृस्तित रूपमा अध्ययन गरौ।



"पहिलो बिश्व"

पहिलो बिश्व वा त्यस समयको संसार (२ पत्रुस ३:६) आदमको सृष्टिदेखी जलप्रलय शुरु हुने बेला सम्मको कालखण्डमा थियो जुन १६५६ बर्ष अबधिको थियो।यस हिसाबलाई पाठ २२ को बाइबल समय अनुक्रममा प्रष्टै साबित गरिनेछ।चित्रमा 'A' अक्षरले पहिलो बिश्वको कालखण्डलाई देखाउदछ।




THE CHART OF THE DIVINE PLAN OF THE AGES

हामिले पहिलो बिश्व र त्यतिबेलाको अदृश्य आत्मिक शासनको बिषयमा के पढ्दछौ त?आउनुहोस,हिब्रु २:५ लाई पढौ।

*"किनकी, उहा ँले पछी आउने संसारलाई जसको बिषयमा हामी बोल्दछौ,स्वर्गदुतहरुको अधिनतामा राख्नुभएन।"*

यो बचनबाट हामीले के बुझ्दछौ कि पहिलो र दोश्रो बिश्वहरुमा स्वर्गदुतहरुलाई (पतित दुष्टहरु) शासन गर्ने अनुमति दिइएको छ।अब पहिलो बिश्वबारे हामी उत्पत्ती ६:३ लाई पढौ।

*"अनि परमप्रभुले भन्नुभयो:''मेरो आत्माले मानिससित सधैंभरी विवाद गर्नेछैन;किनकी त्यो पक्कापनी शरीर हो;तैपनी त्यसका दिनहरु एकसय बिस बर्ष हुनेछ।"*

यो के हो त?के यसले मानिसको उमेरलाई दर्शाएको छ त?हामी देख्छौ कि,पहिलो बिश्वमा मानिसहरु औसत ८५० बर्षसम्म बाँचेका थिए।(उत्पत्ति ५ अध्याय को वंशाणु बर्णाक्रमलाई जाँच गर्नुहोस्)। जलप्रलय पछि पनि दोश्रो बिश्वमा पनि मानिसहरु धेरै बर्षको उमेरसम्म बा ँचेका थिए जसै हामी उत्पत्ती ११:११,१३,१५ मा पढ्न पाउछौ।

*"११ अर्पक्षद जन्मेपछि शेम पाँचसय वर्ष सम्म बाँचे अनि तिनका अन्य छोरा-छोरीहरू पनि जन्मे।"*

*"१३ शेलहपछि अर्पक्षद चारसय तीन वर्ष सम्म बाँचे अनि त्यस अवधिमा तिनका अन्य छोरा-छोरीहरू पनि भए।"*


*"१५ एबेर जन्मेपछि शेलह चारसय तीन वर्ष सम्म जीवित रहे।त्यस अवधिमा शेलहका अन्य छोरा-छोरीहरू जन्मे।"*
दोश्रो बिश्वमा पनि मानिस जातीको थुप्रै वंशहरुको उमेर ३०० बर्ष नाघेको भन्नको लागी यो स्पष्ट प्रमाण हो।

->त्यसो हो भने उत्पत्ती ६:३ ले साच्चै के दर्शाउछ त?यसले ब्यक्तिगत कुनै मानिसको उमेर भन्दा पनि यो जलप्रलय हुन बाकी बर्षहरुको साबधानी रअगमबाणी थियो।पहिलो बिश्वमा समग्रमा समस्त मानबजातीको बाँकी रहेका दिनहरु १२० बर्षको थियो।

-> अब,पहिलो बिश्वको बारे अर्को कुरा पनि हामी उत्पत्ती १:६ मा पढौ।


*"अनि परमेश्वरले भन्नुभयो:पानी को बिचमा अन्तर होस्, र यसले पानीलाई पानीबाट अलग पारोस!"*

यस पदले पानीको बिचमा एउटा ठोस जमिन हुने र त्यसले पानीलाई पानीबाट नै भाग गर्ने तथ्य दिदछ।यो सबैको अर्थ के हो त?




यो सबैको अर्थ के हो त?यो पृथ्वीमाथी छिपेको पानीको चन्दवाको (सतहको) बर्णन हो जुन पर्मेश्वरले मानबजातीलाई घामको किरणको प्रत्यक्ष असरबाट सुरक्षित राख्न बनाउनु भएको थियो।

यो सतहले पृथ्वीलाई पुरै गोलाकार घेरेको थियो।यो सुरक्षाको बिशाल छाता जस्तै थियो।




यसलाई फेरी २ पत्रुस ३:५ मा पनि उल्लेख गरिएको छ।

*"किनकी तिनिहरु यसकुराको बिषयमा अनजान रहन चाहन्छन्; परमेश्वरका बचनद्वारा उहिलेका आकाशहरु भए र पृथ्वी भयो,जुन पृथ्वीचाँही पानी बाट बनेको र पानीद्वारा रहिरहेको थियो।"*

हो,जलप्रलयको समयमा यही पानीको सतह नै भत्किएको अनि खसेका पानीको सतहरुले नै ४० दिन र ४० रात लगातार पानी पर्‍यो जेले पुरै पृथ्वी ढाकियो।(उत्पत्ती ७:११) ति सतहहरु गोलाकारमा प्लाईबोर्ड जस्तै एकपछी अर्को लहरमा थिए।



त्यो दृश्यलाई र आवाजलाई कल्पना गर्नुहोस।->अनि पहिलो बिश्वको बारे दोश्रो बुँदा हेरौ।उत्पत्ती २:१७

*"तर अशल र खराबको ज्ञानको रुखबाट तिमीले नखानु!किनकी जुनदिन तिमीले त्यसबाट खान्छौ,त्यहिदिन तिमी निश्चयनै मर्नेछौ।"*



->किन आदम फल खाएकै दिनमा मरेनन त?हामी पढ्छौ कि उत्पत्ती ५:५ अनुसार आदम ९३० बर्ष बाचे।कसरी त?कति ख्रीष्टियानहरु आदम त्यो दिनमा आत्मामा मरे र धेरै पछि मात्र शरिरमा मरे भन्ने धारणा राख्दछन।के यो सत्य हो र बचन अनुसार छ त आउनुहोस हेरौ।

यस पदमा हामीले यो बुझ्नुपर्छ कि,दिनले यहाँ सासांरिक २४ घण्टाको समयाबधिलाई बर्णन गरेको होईन तर अझ धेरै लामो कालखण्डलाई दर्शाउन खोजिएको छ किनकी यो पर्मेश्वर आफैले बोल्नुभएको बाक्य हो।यहाँ पर्मेश्वर को हुनुहुन्छ त?उहा ँ प्रभु येशू ख्रीष्ट,र त्यो रूपमा हुनुहुन्थ्यो जब उहा मानब चोलामा जन्मनु अगावै नै हुनुहुन्थ्यो।येशूको समयको र दिनको हिसाब र गन्ती कसरी हुन्छ भन्ने तथ्य २ पत्रुस ३:८ मा उल्लेख गरिएको छ।

*"तर प्रीयहरु हो,यस एउटा कुराको बिषयमा अजान नरहो;प्रभुका निम्ती एक दिन हजार बर्षजस्तो,र हजार बर्ष एक दिन जस्तो हो।"*

हो, येशूको निम्ती १ दिन बराबर हाम्रो १००० बर्ष वा ३,६५,००० दिनहरु हुन्छ।तसर्थ,आजको दिनसम्म कोही मानिस पनि त्यो प्रभुको दिन (१००० बर्ष) नाघेर बाच्न सकेको छैन।सबैभन्दा धेरै उमेर बाच्ने मानिस मेथुसलह थिए जो उत्पत्ती ५:२७ अनुसार ९६९ बर्ष बाचे।अब,पहिलो बिश्वको बारे अर्को कुरालाई २ पत्रुस २:४ मा पढौ।

*"किनकी परमेश्वरले ति स्वर्गदुतहरुलाई छोड्नुभएन,जसले पाप गरेका थिए,तर उहाँले तिनिहरुलाई अथाह कुण्डमा हाल्नुभयो र तिनिहरुलाई न्यायका लागी साँची राख्नलाई अन्धकारका साङ्लाहरुमा सुम्पिदिनुभयो।"*

ती स्वर्गदुतहरु को थिए त?तिनिहरुले पाप गरेको भनिएको छ।कसरी त?आउनुहोस हेरौ।ति सबै पहिलो बिश्वमा नै घटे।यसको बारेमा उत्पत्ती ६:१-४ लाई पढौ।

*"अनि यस्तो भयो: जब पृथ्वीको सतह माथि मानिसहरुको सँख्या बढ्न थाल्यो,र तिनिहरुका छोरीहरु जन्मे;२ तब परमेश्वरका छोराहरुले मानिसका छोरीहरुलाई उनीहरु सुन्दरी रहेछन भनी देखे; अनि ति सबैबाट ज-जसलाईतिनिहरुले चुने,उनीहरुलाई तिनिहरुले आफ्नी स्वास्नि तुल्याए।३ अनि परमप्रभुले भन्नुभयो:मेरो आत्माले मानिससित सधैंभरी विवाद गर्नेछैन;किनकी त्यो पक्कापनी शरीर हो, तै पनि त्यसका दिनहरु एक सय बिस बर्ष हुनेछन।४ ति दिनहरुमा पृथ्वीका नेफिलहरु थिए;अनि त्यसपछी पनि,जब परमेश्वरका छोराहरु मानिसहरुका छोरीहरुकहाँ गए:र उनिहरुले तिनिहरुका निम्ती सन्तान जन्माए। ति प्राचिनकालका शुरबिर र प्रसिद्द मानिसहरु भए। "*





हो,ति स्वर्गदुतहरु जोहरु मानबजातीलाई सहयोग गर्न पृथ्वीमा आएका थिए,तिनिहरु शैतानद्वारा छलिए अनि मानब प्राणी सरह नै जिउन लोभ्याइए।त्यतीमात्र नभई, तिनिहरुले मानब सन्तानका छोरीहरुलाई समेत बिबाह गरी नेफिलिम नामका नयाँ प्रजातीका सन्तानहरु उत्पन्न गर्नथाले।तिनिहरु आधा मानब र आधा दुत थिए अनि तिनिहरु कदमा धेरै बडेमानका थिए।अनि दुतका यि सन्तानहरुले पृथ्वीलाई भ्रष्टगरी दमन गर्न थाले।यिनिहरुले मानिसजातीलाई यतीसम्म दुष्टताको प्रभाब छोडे जसै हामी उत्पत्ती ६:५ मा पढ्न पाउछौ।

*"अनि परमप्रभुले पृथ्वीमा मानिसको दुष्टता ज्यादा भएको र त्यसको ह्रीदयका बिचारहरुको हरेक कल्पना निरन्तर खराबै मात्र भएको देख्नुभयो।"*

छिट्टै नै मानिसहरु यि शुरबिरहरुको दास भएर पतित प्रजातीहरु भए।तसर्थ,बुद्धि र प्रेममा पूर्ण प्रभुले यि सबै प्रणाली र दुष्टतालाई जलप्रलयद्वारा बन्द/अन्त्य गर्नुभयो।मृत्युको लागी छोटो र कम पिडादायी प्रकृया।यि दुतहरुको पाप के थियो त? हामी यहुदा:६ मा पढन सक्छौ।



*"अनि जुन स्वर्गदुतहरुले आफ्नो पहिलोपद थामेनन, तर आफ्नो बास स्थान छोडिहाले,तिनिहरुलाई उहाले त्यस महान दिनको न्यायका निम्ती अन्धकारमनी सदाकालका साङ्लाहरुमा राख्नुभएको छ।"*

हो, तिनिहरुले आफ्नो दुतको प्रकृतीलाई राख्न खोजेनन तर प्रभुको इच्छा बिरुद्द मानबजाती र दुतको प्रकृती दुबैलाई मिसाउन चाहे।

तर, हामी पढ्छौ कि त्यो जलप्रलयको सर्बनाशबाट नोहा र उनको परिवारमात्र बचाइए। (उत्पत्ती ६:१७,१८) किन यस्तो भयो त?ति कारणहरु हामिले उत्पत्ती ६:९ मा पढ्न पाउछौ।

*"नुहाको वंशावली यो हो:नोहा धर्मी र आफ्नो पुस्ताका मानिसहरुको बिचमा सिद्द थिए।नोहा परमेश्वरको साथ-साथ हिँडदथे।"*

'आफ्नो कुलमा सिद्द' भन्नाले त्यो बेलामा सबै परिवारमा मिशृत रगत भएजस्तै नोहा र उनको परिवारहरुमा कसैकोमा पनि दुतको रगत वा अंश मिसिएको थिएन।



->नोहाको परिवार बिशुद्द मानबिय प्रकृतीको थियो।यसको अलावा, नोहा पर्मेश्वरको डरमान्ने ब्यक्ती थिए।यो बाहेक नोहाको बारेमा हामी के पढ्न पाउछौ त ? २ पत्रुस २:५

*"अनि उहाँले प्राचिन संसारलाई बाँकी राख्नुभएन, तर भक्तिहिनहरुको संसारमाथी जलप्रलय ल्याउदा धार्मिकताको प्रचारक नुह, यि आठौ ब्यक्तिलाई जोगाउनुभयो।"*

यसको अर्थ के हो त?के नोहा अहिलेको बुझाई जस्तै एक ठाउँ देखी अर्को ठाउँमा प्रचार गर्दै हिडेका थिए त?वास्तवमा,प्रचार २ किसिमको हुन्छ।


१) मुख र जिब्रोले शब्दहरुमा प्रचार गर्नु
२) कार्य र उदाहरणबाट प्रचार गर्नु

हो,नोहाले यो दोश्रो तरिकाबाट धार्मिकताको प्रचार गरे किनकी कार्यहरुले शब्द भन्दा चर्को बोल्दछन।प्रभुको आज्ञाअनुसार (उत्पत्ती ६:२२) १२० बर्ष लगाएर जहाज बनाउने नोहाको आस्था र आज्ञाकारिता नै पहिलो बिश्व

समक्ष बिशाल/महान प्रचार बन्यो।जब नोहाले जहाज बनाउन शुरु गरे,तब त्यो जहाज नोहा र उनको परिवारलाई मात्र थाहा थियो र देख्दथे ।



क्रमिक रूपमा जब जहाज आकारमा बढ्दै गयो,तब त्यो जहाज नजिकका छिमेकीहरु समक्ष पनि देखिन थाल्यो।अनि जब समय बित्दै गयो र जहाज झन् झन् आकारमा ठुलो हुँदै गयो,तब त्यो नोहा बस्ने बस्तीको सबै जनाले देख्न थाले।अनि,अन्तिममा जब jhwjko बनावट सिद्दिने क्रममा पुग्न थाल्यो,तब त्यो बिशाल जहाज सबै मानिस जातीले देख्न सकिनेभयो।मानिसहरुले नोहासँग jhwjko बारेमा थुप्रै प्रश्नहरु सोधेका थिए होलान र प्रत्युत्तरमा आउने जलप्रलय र पानीको बिषयमा तिनिहरुले नोहाको ठट्टा पनि गरेका थिए होलान।तर,नोहाले त्यो जहाज बनाउने कामलाई आफ्नो बिश्वासलाई थामेनन।हो,उनको यो लामो सङ्घर्ष र कठिन परिश्रम नै धार्मिकताको प्रचार भयो।अनि, उत्पत्ती ६:१५ मा लेखिए जस्तै साच्चै त्यो जहाज कस्तो अद्भुत थियो।




४५० फिट लामो,७५ फिट चौडाई र ४५ फिट उचाई।त्यत्रो जहाज बनाउने कामलाई कल्पना गर्नुहोस।तै पनि बिना कुनै प्रबिधी र आधुनिक मेशिनेरी औजार तर सामान्य हात हतियारद्वारा।त्यो

जहाज तकारीबन एउटा पुरै र आधा फुटबल मैदान जत्रो थियो।यसको अलावा,जलप्रलयभन्दा अगावै पहिलो बिश्वमा पानी नै परेको थिएन।यसको बारेमा हामी उत्पत्ती २:५,६ मा पढ्न पाउछौ।

*" अनि तबसम्म पृथ्वीमाथि मैदानमा कुनै बोटबिरुवा थिएन र मैदानको कुनै सागपात अझ उम्रेकोथिएन; किनकी परमप्रभु परमेश्वर्ले पृथ्वी माथि पानी बर्षाउनुभएको थिएन, अनि जमिन खनजोत गर्नलाई कुनै मानिस थिएन।६ तर पृथ्वी बाट कुहिरो उठ्यो र जमिनको सारा सतह लाई सिँचिदियो।"*

हो, त्यती बेला बर्षा भन्ने कसैलाई थाहा नै थिएन।रूखहरु शितले भिज्ने गर्दथे।नोहाले भनेका त्यो घनघोर जलप्रलय र बर्षा जसले पुरै पृथ्वी नै डुबाउँछ,त्यो कुरा कसैले बुझ्न सकेनन।



उल्टै, तिनिहरुले नोहाले आफ्नो मानसिक सन्तुलन घुमाएको भन्दै उ प्रति हासो ठट्टा गर्न थाले।तर,नोहाले आफ्नो कार्यद्वारा भएको बिश्वासलाई प्रकट गरेर त्यही बिश्वासको कारणले नै नोहा र उनको ७ जनाको परिवार पहिलो बिश्व देखि दोश्रो बिश्वमा सर्न सफल भए।हामीले अर्को आउदो पाठमा नोहा र उनको परिवारलाई जलप्रलय पछि भेट्नेछौ र दोश्रो बिश्व कसरी शुरु भयो अनि कोबाट र कसरी आजको मानबजाती उत्पत्ती भई बिकास भयो भन्ने तथ्यको अध्ययन गर्नेछौ।तर,त्यतिन ुजेल हामीले नोहा र उनको परिवारलाई त्यो जहाजभित्र नै छोडी दिउँ र जब जलप्रलयले पहिलो बिश्वको पृथ्वीलाई पुरै जलमग्न बनाई डुबाएको थियो।



**"आमेन"**